नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## संयुक्त निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभाग अन्तर्गतको मिति २०८३/०३/२३ गते विभागको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय तथा काठमाडौं महानगरपालिका सहितको संयुक्त अनुगमन टोलिद्वारा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार देहायको खाद्य व्यवसायको अनुगमन निरीक्षण गरी तपसिलमा उल्लेख भए अनुसार आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | निर्देशन/कारबाही/कैफियत |
|---|---|---|---|
| १. | द ब्ल्याक गोल्ड रेस्टुरेन्ट प्रा. लि., काठमाडौं म.न.पा. - ०१, दरबारमार्ग, काठमाडौं | • स्थलगत अनुगमन निरीक्षण गर्दा कृत्रिम खाद्य रंगको अनुचित प्रयोग गरेको<br>• भान्सा साँघुरो तथा निकासको व्यवस्था सन्तोषजनक नपाइएको<br>• स्टोरमा कीटको व्यवस्थापन उचित तरिकाले नगरिएको<br>• तीन (३) थान एकसय (१००) ग्राम को खाद्य रंगको उपभोग्य मिति गुज्रेको पाइएको<br>• फ्रिजमा खाद्य वस्तु अव्यवस्थित तरिकाले भण्डारण गरिएको। | • उपभोग्य मिति गुज्रेका तिन (३) थान एकसय (१००) ग्राम को खाद्य रंग, एक थान लेमन साल्ट दुईसय (२००) ग्राम को नष्ट गरिएको<br>• बाह्य कीट नियन्त्रणको व्यवस्था भए तापनि थप प्रभावकारी गर्ने निर्देशन दिइएको<br>• पूर्ण लेबल विवरण भएका प्रशोधित खाद्य पदार्थ मात्र प्रयोग गर्ने निर्देशन दिइएको<br>• खाद्य स्वच्छता कायम राख्ने निर्देशन दिइएको<br>• थप अनुसन्धान तथा कारबाहीको प्रक्रिया काठमाडौं महानगरपालिकाले अगाडी बढाउने जानकारी गराइएको। |

| | | | |
|---|---|---|---|
| २. | एक्सप्रेस इट्स प्रा. लि. , काठमाडौं - ४, चण्डोल | • स्थलगत अनुगमन निरीक्षण गर्दा कृत्रिम खाद्य रंगको अनुचित प्रयोग गरेको<br>• भान्साको सरसफाइ सन्तोषजनक नपाइएको<br>• कीट नियन्त्रणको व्यवस्था प्रभावकारी नभएको<br>• निकासको सरसफाइ प्रभावकारी नभएको<br>• दुई (२) थान सातसय (७००) ग्राम को चाउमिनको उपभोग्य मिति समाप्त भएको पाइएको<br>• तेलको TPM ३८ भई मापदण्ड प्रतिकूल पाइएको। | • उपभोग्य मिति गुज्रेका दुई (२) थान सातसय (७००) ग्राम को चाउमिन नष्ट गरिएको<br>• बाह्य कीट नियन्त्रणको व्यवस्था भए तापनि थप प्रभावकारी गर्ने निर्देशन दिइएको<br>• पूर्ण लेबल विवरण भएका प्रशोधित खाद्य पदार्थ मात्र प्रयोग गर्ने निर्देशन दिइएको<br>• खाद्य स्वच्छता कायम राख्ने निर्देशन दिइएको<br>• TPM धेरै भएको करिब दुई (२) लिटर तेल नष्ट गरिएको<br>• थप अनुसन्धान तथा कारबाहीको प्रक्रिया काठमाडौं महानगरपालिकाले अगाडी बढाउने जानकारी गराइएको। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः २** | | | |

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०३/२४

## अनुगमनका केहि झलकहरु

















